




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ३ गते बिहीबार ❑ 17 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## विपद्सम्बन्धी प्रतिकार्य योजना पारित, राहत, उद्धार र पुनःस्थापन प्रभावकारी बनाइने

**रासस**
**काठमाडौं, २ असार**

गृहमन्त्री अध्यक्ष रहेको राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यकारी समितिले ' मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८' पारित गर्दै उद्धार, राहत र पुनःस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

मनसुन भित्रिएसँगै मुलुकका विभिन्न जिल्लामा बाढी र पहिरोबाट धनजनको क्षति भएको सन्दर्भमा समितिले सबै निकायसँग समन्वयात्मक रूपमा जोखिम न्युनिकरण, राहत वितरण तथा उद्धारमा लाग्ने निर्णय गरेको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका प्रमुख गोविन्द रिजालका अनुसार मुख्यतः कसरी धनजनको क्षति कम गर्न सकिन्छ, सही रूपमा विपद्को सम्बोधन कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित भएको जानकारी दिए। बैठकमा गृहमन्त्री खगराज अधिकारीले मन्त्रालयबाट स्रोत/साधनमा कुनै कमी हुन नदिने स्पष्ट पार्नुहुँदै जिल्ला विपद् व्यवस्थापन समितिलाई थप सक्रिय बनाउन निर्देशन दिएका छन्। मन्त्री अधिकारीबाट मुख्यगरी सरकारी निकायको कमजोरीका कारण कसैको पनि ज्यान नजाओस् भनेर गम्भिरताका साथ लाग्न मातहतका निकायलाई निर्देशन भएको प्राधिकरणका सहप्रवक्ता वेदनिधि खनालले जानकारी दिए । उनका अनुसार बैठकले प्रतिकार्य योजनासहित केही कार्यविधि समेत पारित गरेको छ। अब बाढी/पहिरो प्रभावितले झैँ आगलागी र डढेलो पीडितका लागि राहत तथा पुनःस्थापन कार्यक्रम अघि बढाउने गरी कार्यविधि पारित भएको उनले बताए। बैठकमा सिन्धुपाल्चोकको मेलम्ची, मनाङलगायत जिल्लामाभएको क्षतिको अवस्थाबारे समिक्षा भएको थियो । बुधबार पारित विपद प्रतिकार्य योजनामा मुख्यगरी पहिरोको वडास्तरीय नक्सा तयार पारी जोखिम न्युनकिरणका कार्यक्रम समावेश छ। यस्तै बाढी र कोभिड तथा पहिरोको र कोभिडको जोखिम पहिचान गरी नक्सा समेत तयार पारिएको छ । मानिसको सुरक्षित अवतरणका लागि खुला स्थानको पहिचान गरी आवश्यक तयारी गरिएको छ । मुलुकका विभिन्न क्षेत्रमा १५५ वटा खुला स्थान तय गरिएको छ। आवास पुनःनिर्माण तथा पुनस्थापन कार्यक्रमलाई प्रभावकारी बनाउने गरी अघि बढाइएको छ । आपत्कालिन कार्यका लागि स्रोत साधनको विवरण संकलन तथा व्यवस्थापन र परिचालनका आवश्यक तयारी पनि यसमा समावेश गरिएको छ। मन्त्रालयका विषयगत समितिलाई समेत परिचालन गर्ने गरी प्रतिकार्य योजना निर्माण गरिएको प्राधिकरणले जनाएको छ । मनसुन शुरुवाती कै समयमा मनाङ र सिन्धुपाल्चोकमा परेको भारी वर्षाले ठुलो धनजनको क्षति भएको छ। अहिले पनि मुलुकका धेरै ठाएमा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। यसैबीच प्रधानमन्त्री अध्यक्ष रहने विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको बैठक बस्दै छ। अहिले केही बेरमा शुरु हुने बैठकमा मुलुकभर भएका विपद्जन्य घटनाका विषयमा समीक्षा हुने राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका सहप्रवक्ता वेदनिधि खनालले जानकारी दिए।

## मुख्यमन्त्री पोखरेलले विश्वासको मत लिने तयारीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विश्वासको मत लिने तयारी गरेका छन्।

मुख्यमन्त्री पोखरेलले संसद सचिवालयमा विश्वासको मतका लागि सूचना दर्ता गराएको गण्डकी प्रदेशका विना विभागिय मन्त्री हरि शरण आचार्यले हामीलाई बताए।

एक स्वतन्त्र सांसद राजिव गुरुङ (दीपक मनाङे) सहित चारको गठबन्दन सरकारले सरकार गठन भएको एक हप्ता भित्रै विश्वासको मत लिएपछि मात्रै मन्त्रीहरुको कार्यविभाजन र थप मन्त्री परिषद् विस्तार गर्ने रणनितिक योजना रहेको श्रोतको दाबी छ । प्रदेश सभामा सम्भवत यही असार ४ गते मुख्यमन्त्री पोखरेलले विश्वासको मत लिने भएका छन्।

विश्वासको मत लिनुभन्दा दुई दिन अघि संसदलाई सरकारले जानकारी दिनुपर्ने नियम अनुसार मुख्यमन्त्री पोखरेलले मंगलबार आउदो बर्षको लागि बजेट तथा कार्यक्रम प्रस्तुतः गरेसंगै उनले संसदमा विश्वासको मत लिने बिषयमा जानकारी समेत गराएको मन्त्री आचार्यले जनाए । जनता समाजवादी पार्टीले पहिलो प्रथामिकतामा अर्थ त्यस पछिको भौतिक पूर्वाधार मन्त्रालय पाउनु पर्ने दाबी गर्दै आएको छ भने भौतिक पूर्वाधार मन्त्रालय भने माओबादी केन्द्रलाई दिने एक सहमति भए पनि पछिल्लो क्रममा स्वतन्त्र सांसद मनाङेले पूर्वाधार मन्त्रालय समेत माग गरेकोले मन्त्रालय व्यबस्थापनमा कठिन भएको श्रोतको दाबी छ । कांगेस संसदीय दलका नेता पोखरेल नेतृत्वमा गठन भएको नयाँ सरकारले जसपालाई २, एक स्वतन्त्र, माओबादी केन्द्रलाई र कांग्रेसलाई गरी ११ मन्त्रालयमै सन्तुलन मिलाउने प्रयास भएको बताइएको छ । जनमोर्चाका तीन सांसद मध्य दुई सांसद गठबन्धनमा समर्थन गर्दै आएका छन भने एक सांसद कृष्ण थापा सर्वेच्च अदालतले उनको सांसद पद नै खारेज गरिदिएको छ । जनमोर्चा भने हाल सरकार नजाने केन्द्रको निर्णय बमोजिम आफुहरु सत्ताधारी गठवन्धनलाई समर्थन गर्ने भएको जनमोर्चाको धारणा रहेको छ। यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेलले आफुहरु देशको असहज परिस्थितीमा आफ्नो उपस्थिती रहेकोले पहिला विश्वासको मत लिएर अघि बढुन काम सहज हुने भएकोले बजेट पछि विश्वासको मत लियर मात्र अघि बढ्न चाहेको जनाए । उनले देशका धेरै ठाँउमा विगत दुई दिन देखि अविरल रुपमा परेको पानीले गर्दा धेरै ठाँउमा असर पुगेकोमा भोलि हुने जोखिमलाई न्यूनिकरुण गर्न समयमै विपद् व्यबस्थापन गर्न प्रदेशका ११ वटै जिल्लाका प्रमुख जिज्ला अधिकारी, प्रहरी प्रमुख, रेडक्रस लगायतका संघ संस्था र जनप्रनिनिधिहरुलाई अलट रहन आग्रह गरेका छन् । मनाङमा बाढी र पहिरोले क्षति पुगेकोले आफुहरु चाहेर पनि प्रतिकुल मौसमका कारण जान नसकेको मौसमले साथ दिन साथ राहात लिएर जाने तयारी भएको पोखरेलले जनाए।

## चार जलविद्युत् आयोजनामा क्षति पुग्दा करोडौँको नोक्सानी

**–कृष्ण दवाडी**
**पोखरा, २ असार (रासस)**

केही दिनदेखिको अविरल वर्षापछि मादी नदीमा आएको बाढीले कास्कीको मादी गाउँपालिकामा चार वटा जलविद्युत् आयोजनामा क्षति पुगेको छ।

मादीको वडा नं १ र २ स्थित नदी किनारमा निर्माण सम्पन्न भएका र निर्माणाधीन जलविद्युत् आयोजनामा गएरातिको बाढीले ठूलो क्षति गरेको हो । बाढीबाट ४४ मेगावाट क्षमताको निर्माणाधीन सुपर मादी जलविद्युत् आयोजनामा सबैभन्दा बढी क्षति पुगेको र सञ्चालनमा रहेका अन्य तीन आयोजनामा आंशिक क्षति पुगेको गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङले जानकारी दिए । उनका अनुसार आयोजना सम्पन्न भएर हाल सञ्चालनमा रहेका १० मेगावाटको सिक्लेस हाइड्रो पावर, १२ मेगावाट क्षमताको हिमालयन हाइड्रो(नार्माजुङ) र २५ मेगावाट क्षमताको अपर मादीमा क्षति पुग्दा विद्युत् उत्पादन अहिले बन्द भएको छ। अपर मादीको बाँध पुरिएको र विद्युत् गृहमा बाढीले क्षति पुर्‍याएको अध्यक्ष गुरुङले जानकारी दिए । पहिराले सिक्लेस हाइड्रको प्रशारण लाइन बगाएको छ भने विद्युत् गृह पनि जोखिममा रहेको बताइन्छ। आगामी वर्ष विद्युत् उत्पादन गर्ने लक्ष्यसहित काम भइरहेको सुपर मादी आयोजना बाढीले सबैभन्दा बढी प्रभावित बनेको छ । आयोजनामा काम गर्ने १७० जना मजदूरलाई भने स्थानीयवासी, नेपाली सेनालगायतको पहलमा आज बिहान उद्धार गरी विद्यालयलगायतका सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताइन्छ।

सात अर्ब ५० करोड लगानीमा बन्दै गरेको सो आयोजनामा बाढीबाट रु एक अर्ब भन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान रहेको आयोजनाका कार्यकारी अध्यक्ष पुष्पज्योति ढुङ्गानाले बताए। उनका अनुसार इलेक्ट्रो मेकानिकलतर्फ रु ३० करोड, हाइड्रो मेकानिकल रु १२ देखि १५ करोड, सिभिल कन्ट्र्याक्टरको निर्माण सामग्री, डन्डी, फलामसहित रु २० करोड, प्लान्ट र उपकरणमा रु २० करोड र सिभिल संरचनामा रु २० करोड गरी रु एक अर्ब हाराहारीमा क्षति पुगेको छ। यसैगरी आयोजनाको सुरुङबाहेक बाँध, विद्युत् गृह, हाइड्रो मेकानिकल र अन्य सिभिल संरचनाहरु बाढीले बगाएको छ । आयोजनास्थलमा रहेकका चार वटा एक्साभेटर, चारवटा टिपर, दुईवटा ट्रान्जिट मिस्कर, छ वटा कम्प्रेसर, अन्दाजी ४५० टन डण्डी र १० हजार बोरा सिमेन्ट बगाएको आयोजनाले जनाएको छ। 'हिजो रातिको बाढीले आयोजनामा ठूलो वितण्डा मच्चाएको छ । मानवीय क्षति हुनबाट रोक्न सफल भएपनि हेडवर्क्स र विद्युत् गृह पूर्णतः नष्ट भयो ।' अध्यक्ष ढुङ्गानाले भने, 'मानवीय क्षति रोक्न सफल भए पनि आयोजनामा करोडौँको भौतिक क्षति भएको छ।' हाल आयोजनाको ७५ प्रतिशत काम सम्पन्न भएकामा बाढीका कारणले पुगेको क्षतिबाट आयोजना थप एक वर्ष लम्बिने र लागत बढ्ने अनुमान गरिएको उनले बताए।

यसैगरी मादी गाउँपालिका–१ स्थित होकुमा रहेको भेडीगोठ बाढीले बगाउँदा २४१ भेडाबाखा बगेका छन् । सिक्लेसबाट चार घण्टाको समय लाग्ने विकट ठाउँमा रहेको भेडीगोठ हिजो राति बाढीले बगाएको खबर प्राप्त भएको सोही वडाका अध्यक्ष सुरज गुरुङले जानकारी दिए। मद्यी र कह्पा नदीको बीचमा रहेको स्थानीय लिलबहादुर गुरुङ र लेखनाथ गुरुङको भेडीगोठ बगाएको बताइन्छ । गोठमा २६३ भेडाबाखा रहेमा २२ वटा बाढीबाट बच्न सफल रहेका छन् । भेडीगोठ बगाएपनि तीन जना गोठालाहरु भने बाँच्न सफल भएको र उनीहरु सुरक्षित रहेको जनाइएको छ।

वडाध्यक्ष गुरुङले भने, 'बिहान हामीलाई भेडीगोठ बगाएको जानकारी आएको थियो । हेलिकप्टरबाट गोठालाहरुको उद्धार गर्ने तयारी गरेपनि मौसमको खराबीले सम्भव भएन, अहिले तीनै जना सुरक्षित स्थानमा रहेको र तल झर्दै गरेको भन्ने खबर पाएका छौं ।'

## पोखरा सहित कास्कीका विभिन्न ठाँउमा बाढी र पहिरोको प्रभाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

विगत दुई दिन देखि अविरल रुपमा परेको पानीको कारण पोखरा सहित कस्की क्षेत्रमा विभिन्न ठाँउमा प्रभाप परेको छ। कास्की माछापुच्छ्रे गाउँपालिकामा एक महिला खहरेखोलाले बगायर मृत्यु भएको छ भने अन्य ठाँउमा बाढी पहिरो एवं बस्तती नै जोखिममा परेको समाचार प्राप्त भएको छ।



पोखरा २५ को हेमजामा केही घर तथा बस्तीले पानीको निकास नहुदा डुवान भएको छ। त्यसै गरी पोखरा २४ को पामेमा करिब २० घर खोलाको उच्च जोखिममा रहेको छ । स्थानिय दीपक पुरीका अनुसार पोखरा महानगरले हालै निर्माण गरेको फेवासिल्ट्रेसन ड्याम सहित अन्य क्षेत्रको पानी एकिकृत वेतेनी खोला तर्फ जाने पानी पनि मापे खोला तर्फ आउदा मापमा बस्तीको उच्च जोखिम भएको हो। स्थानिय वसन्त खत्री, गुणाखर सुवेदी, बाबुराम खत्री, लक्ष्मण पराजुली, हरिमाया सुनार, दीपक पुरी, दुयोधन खड्का, नवराज पराजुली शारदा पराजुली, मानबहादुर विक, देवे सुनार, हरिमाया सुनार लगायतका २० घर परिवार खोलाको उच्च जोखिममा परेको स्थानिय पुरीले बताए । पोखरा महानगरले समयमै सिल्ट्रेसन ड्यामको पानीको वाहवलाई दुबै खोलामा बाडिने गरी व्यबस्थापन गर्न नसके पोखरा २४ सहित पोखरा १८ हुदै फेवातालमै ठुलो मात्रमा ढुंगा गिटी तथा वालुवाको मात्र जाने भएको पोखरा १८ का वडा अध्यक्ष रण बहादुर थापाले बताए। पोखराको रामघाटमा भने हाल पानीको निकास हुने मुखमा फोहोर बस्तुले गर्दा बुझिन पुगेकोले रामघाट हाल ताल जस्तै भएको छ। रामघाट तथा तुल्सीघाटसम्म डसवान भएको छ भने शवदाह स्थलहरु समेत डुवानमा परेको स्थानियले गुनासो गरेका छन् । गएराति देखि परेको अबिरल बर्षातको कारण कास्कीको अन्नपुर्ण गाउँपालिका-१० घान्द्रुक स्थित माथिबाट आएको पहिरो र मादी गाउँपालिका-७ मा मादी खोलाको पानीको बहाब बढ्न जाँदा ६ घर परिवार बिस्थापित भएको गण्डकी प्रदेश प्रहरी कार्यालयले जनाएको छ। त्यस्तै मादी गाँउपालिका-१ होकु स्थित कपुजे खोला र नौलो खोलाको बहाब बढ्न गई २ वटा भेडी गोठ र अन्दाजी ४०० वटा भेडा बगाएको, उक्त स्थानमा प्रहरी टोलि खटि गइ जोखिम न्युनिकरण तथा उद्दार कार्यमा जुटेको प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक श्यामु अर्यालले बताए।

त्यस्तै गएरातिको समयमा कास्की माछापुच्छे गाउँपालिका-१ धिप्राङ बस्न वर्ष ६५ की केशरी गुरुङको ढुङ्गा, माटोले बनेको ढुङ्गाले छाएको २ तले कच्ची घरमा अचानक आगलागी हुदाँ करिब १५ लाख मुल्य बराबरको क्षती भएको प्रहरीले जनाएको छ। उक्त घरमा मानिसहरु हाल बसोबास नगरेको हुदा मानविय क्षती नभएको अर्यालले जनाए । स्थानीयको सहयोगमा प्रहरीले आगो नियन्त्रणमा लिएको थियो।

## नारायणी नदी इतिहासकै उच्च विन्दुमा

**रासस**
**काठमाडौं, २ असार**

नारायणी नदीको सतह इतिहासकै उच्च विन्दुमा पुगेको छ। नदीको सतह गए राति १०:५० बजे १० दशमलव ४६ मिटर पुगेको हो । सो समयमा पानीको बहाव एक करोड ६४ लाख ५५ हजार लिटर प्रतिसेकेन्ड पुगेको थियो।

नारायणीबेसिनकार्यालयभरतपुका हाइड्रोलोजिस्ट रामविकेश रायले कार्यालयले सन् १९६२ फेब्रुअरी १० देखिजलस्तर मापन शुरु गरेको बताए । उनका अनुसार सन् १९७४ अगष्ट ५ मा नारायणीको जलस्तर १० दशमलव एक मिटर र १५ हजार ३०० घनमिटर प्रतिसेकेण्ड बहाव मापन गरिएको थियो। सोही १०दशमलव एक मिटरलाई विगतमा उच्च विन्दु मानिँदै आएको थियो । सो विन्दुको रेकर्ड गए राति तोडिएको उनले जानकारी दिए। रायले भने, "सन् १९६२ यताकै सबैभन्दा बढी गए राति मापन गरिएको छ।" यसबीचको अवधिमा सन् २०१८ को बर्सातमा १४ हजार घनमिटर प्रतिसेकेण्ड बहाव र तह नौ दशमलव छ मिटर रहेको उनले जानकारी दिए। सन् १९६३ देखि हालसम्मको तथ्याङ्कलाई हेर्दा नारायणीको शिरतर्फका क्षेत्रमा सबैभन्दा बढी पानी यस वर्ष परेको देखिन्छ । सन् २०१३ मा १३ हजार घनमिटर प्रतिसेकेण्ड नारायणीको बहाव मापन भएको थियो।

नारायणी नदीको खतराको तह आठ मिटर र बहाव नौ हजार ९९२ घनमिटर प्रतिसेकेण्ड रहेको छ। यसको चेतावनी तह सात दशमलव तीन मिटर र आठ हजार ४६० घनमिटर प्रतिसेकेण्ड रहेको छ।




# पोउवा संघद्वारा मुख्यमन्त्रीलाई बधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

पोखरा उद्योग वाणिज्य संघले नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र नेपालीलाई बधाई तथा कार्यकालको सफलताको कामना गरेको छ।

संघका अध्यक्ष नारायण कोइरालाको नेतृत्वमा बुधबार मुख्यमन्त्री कार्यालय पुगेको प्रतिनिधिमण्डलले मुख्यमन्त्रीलाई बधाई ज्ञापन गरेको छ। सो क्रममा संघका अध्यक्ष नारायण कोइरालाले पोखरा उद्योग वाणिज्य संघ निजी क्षेत्रको छाता संस्था मात्रै नभएर विकास साझेदार पनि भएको बताउँदै समुन्नत प्रदेश निर्माणको लागि प्रदेश सरकारसँग सहकार्य गर्न तयार भएको बताए।



प्रत्युत्तरमा मुख्यमन्त्री नेपालीले प्रदेश सरकार निजी क्षेत्रसँग हातेमालो गरेर अगाडि बढ्ने जानकारी गराएका संघका महासचिव सुरेन्द्रमान विजुक्छेले जानकारी दिए। यसै गरी पोखरा उद्योग वाणिज्य संघले कोभिड १९ विरुद्धको खोप कार्यक्रममा उद्योगी/व्यवसायीहरुलाई प्राथमिकतामा राख्न माग गरेको छ। संघले जिल्ला प्रशासन कार्यालय कास्की तथा पोखरा महानगरपालिकालाई बुधबार ज्ञापनपत्र बुझाउँदै सो माग गरेको हो। संघका अध्यक्ष नारायण कोइराला,महासचिव सुरेन्द्रमान विजुक्छे, कोषाध्यक्ष बलराम आचार्य, उपमहासचिव केशवबहादुर खत्रीसहितको प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालयमा बुझाएको ज्ञापनपत्रमा विभिन्न प्रकारका सामग्रीहरुको आपूर्ति गर्ने बाध्यतामा रहेका व्यवसायीहरु जोखिमपूर्ण अवस्थामा रहेको स्मरण गराइएको छ। 'आपूर्ति व्यवस्थालाई चुस्त राख्नु व्यवसायीको बाध्यता हो', संघका अध्यक्ष कोइरालाले भने,' त्यसलै व्यवसायीहरुलाई पनि जोखिमपूर्ण नागरिकको सूचिमा राख्दै खोपको प्रबन्ध गरि नुपर्छ भन्ने हाम्रो माग हो।' पोखरा महानगपालिकाका मेयर मानबहादुर जिसीलाई बुझाइएको ज्ञापनपत्रमा निषेधाज्ञाका कारण व्यापार व्यवसाय बन्द रहेकाले घरभाडा कर तथा व्यवसाय नवीकरण शुल्कमा छुटको माग गरिएको संघका महासचिव सुरेन्द्रमान विजुक्छेले बताए। त्यसैगरी महानगरसँग संघले व्यवसायीलाई कोभिडविरुद्धको खोप दिने प्राथमिकता सूचिमा राख्न पनि आग्रह गरेको छ।



अविरल वर्षाका कारण पोखराको रामघाटमा सेती नदी थुनिदा बनेको ताल फोटो : पोखरापत्र

# अबिरल बर्षाले स्याङ्जामा २ को मृत्यु, ६ जना गम्भिरघाईते

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २ असार**

स्याङ्जाको भीरकोटमा जिप दुर्घटना हुँदा एक जना र आँधीखोलाले बगाएर एक जनाको मृत्यु भएको छ। जीप दुर्घट्नामा ६ जना गम्भिर घाईते भएका छन्। भीरकोटको बानेथोकबाट बयारघारी बजारका लागि छुटेको ग १ ज ४९४० नम्वरको महिन्द्रा जिप भीरकोट ४ कै सेन्थुम्का नजिकै दुर्घटनामा परेको हो। दुर्घट्नमा परेर घाईते भएका भीरकोट ३ का अन्दाजी ४३ बर्षका बिन्दु अधिकारीको उपचारका क्रममा कालिका सामुदायिक अस्पताल हेलुमा मृत्यु भएको प्रहरीले जनाएको छ। त्यस्तै अन्य ६ जना घाईतेहरुको पनि हेलुमा प्राथमिक उपचार गरी थप उपचारका लागि पोखरा रिफर गरिएको भीरकोट ५ का वडा अध्यक्ष याम प्रसाद अधिकारी लक्ष्मणले जानकारी दिए। घाईतेहरु सबै भीरकोट ३ का हुन्। अबिरल बर्षाका कारण सडक चिप्लो हुँदा दुर्घटना भएको हुन सक्ने प्रहरीको अनुमान छ।



आँधीखोलाले बगाएर आँधीखोला गाँउपालिका ६ बस्ने बर्ष ५७ का घनश्याम ढकालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रबक्ताराजेन्द्रअधिकारीलेजानकारी दिए। अधिकारीका अनुसार मंगलबार रातीदेखि हराएका ढकाल बुधबार बिहान भीरकोट ५ स्थित आँधीखोला किनारमा मृत फेला परेका थिए। आँधीखोलाले बगाएको वा अन्य तबरबाट उनको निधन भएको बिषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# खहरे खोलाले बगाएर कास्की माछापुच्छ्रेको टुसेमा महिलाको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

कास्कीको माछापुच्छ्रे गाउँपालिका १ स्थित उपल्लोघाचोक (चुसे) मा खहरे खोलाले बगाउदा एक स्थानिय महिलाको मृत्यु भएको छ।

मंगलबार बिहानै देखि अविरल रुपमा परेको पानीको कारण टुसेमा खहरेखोलाले बगाउदा स्थानिय ४८ बर्षीया लिला विक (परियार) को मंगलबार बेलुका मृत्यु भएको माछापुच्छे गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष बिरेन्द्र गुरुङले बताए। मंगलबार बेलुका करिब ७:०० खहरेखोलाले बगायर करिब २० मिटर तल्ल पुराएको अबस्थामा स्थानियले देखे पछि उनलाई उद्धार गरे पनि उनको भने मुत्यु भई सकेको अबस्थामा खोलाबाट निकालिएको स्थानियले जनाए। विपन्न परिवारकी एवं स्थानिय कटुवालको रुपमा काम गर्दै आएकी थिइन्।

यसैबिच, कास्कीको माछापुच्छ्रे गाउँपालिका उपल्लोघाचोक (चुसे) मा खहरे खोलाले बगायर स्थानिय ४८ बर्षीया लिला विक (परियार) को निधनको घटनाले आफु निकै दुखि भएको गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल जीवनले बताए। आफ्नो घर नजिकै खहरेखोलाले बगायर निधनको घटनाले आफु निकै मर्माहित भएको बताएका सांसद बरालले उनको मृतआत्मको चिर शान्तिको कामना सहित परिवारजनामा हार्दिक समवेदन समेत व्यत्त गरेका छन्। गरिव तथा विपन्न परिवारकी विकको परिवारलाई उचित राहात उपलब्ध गराउन सम्बन्धित पक्षलाई आग्रह गर्दै बर्षादको समयमा सचेत र सम्पूर्ण जनतामा सजगत हुन सांसद बरालले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरेका छन्। कास्की प्रहरीले उनको शवको मुचुल्का गरी उनका आफन्तलाई समेत बुझाएको छ।

उक्त ठाँउमा केही बर्ष अघि समेत खहरेखोलाले बगायर एक जानको मृत्यु भएको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर गुरुङले बताए। अध्यक्ष गुरुङ सहित वडा अध्यक्ष गुरुङले समेत उनको निधनको घटनाले आफुहरु समेत निकै दुःख लागेको बताए।

# काँग्रेसका वडा अध्यक्षद्वारा महानगरपालिका र प्रदेश सरकारलाई सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

नेपाली काँग्रेसबाट पोखरा महानगरपालिकाका ११ वटा वडामा निर्वाचित वडा अध्यक्षहरुले महानगरपालिकालाई विभिन्न पाँच बुँदे सुझाव दिएका छन्।

पोखरा महानगरपालिकाले बजेट अधिवेशनमार्फत् आर्थिक वर्ष २०७८/०७९ को बजेट विनियोजनको तयारी गरिरहेका बेला नेपाली काँग्रेसबाट निर्वाचित वडा नं २, ३, ४, ६, ९, १०, ११, १२, २३, २७ र ३२ का वडा अध्यक्षहरुले सुझाव दिनुभएको हो। वडा अध्यक्षहरुको तर्फबाट दलको नेता तथा सचेतक रामराज लामिछानेले सोमबार विज्ञप्ति प्रकाशित गरी कोरोनाबाट प्रत्यक्ष प्रभावित पर्यटन, उद्योग, व्यापार, यातायात क्षेत्रलाई ५० प्रतिशत कर छुट दिन, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर खोपको व्यवस्था मिलाउन, निष्पक्ष रुपमा बजेट विनियोजन गर्न सुझाव दिनुभएको छ। लामो समयदेखि स्थानीय तहमा कार्यरत स्थायी, अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुको मनोवल उच्चो हुने गरी वृत्ति विकासका कार्यक्रम ल्याउन र निजामति सरह नै सेवा सुविधा प्रदान गरी एक तह बढुवा गर्न सुझाव दिइएको छ।

त्यस्तै, स्वास्थ्य महाशाखाका कर्मचारीले कोरोनाको खोप दुरुपयोग गरेको भन्ने सुनिएकाले सत्य तथ्य छानविन गरी दोषीलाई कारवाही गर्न सुझाव दिइएको छ।

साथै गण्डकी प्रदेश सरकारलाई पनि तीन बुँदे सुझाव दिइएको छ। विज्ञप्तिमा नागरिकको जीवन रक्षालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन तथा खोपको व्यवस्था गर्न, कोरोना प्रभावित क्षेत्रमा सम्वद्ध सबै क्षेत्रका उद्योगी व्यवसायीलाई सम्वोधन हुने गरी करको दायरा बढाएर दर कम गर्न, पोखराको पृथ्वीचोक बसपार्क यसअघिको प्रदेश सरकार र पोखरा महानगरपालिकाले बनाउन कुनै पहल नगरेको हुँदा आवश्यक पहल गर्न प्रदेश सरकारलाई सुझाव दिइएको छ।

विज्ञप्तिमा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको गण्डकी प्रदेश सरकारलाई बधाई तथा शुभकामना व्यक्त गर्दै विपद् प्रतिकार्य योजना बनाउने र महिलाको स्तन, पाठेघरको मुख र पाठेघरको क्यान्सर उपचार निःशुल्क बनाउने प्रदेश सरकारको निर्णय प्रशंसनीय भएको भन्दै स्वागत गरिएको छ।

# नहरमा आएको बाढीले घर डुवानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

दुई दिनदेखि लगातारको वर्षासँगै नहरमा अव्यवस्थित रूपमा आएको पानीले पोखरा महानगरपालिका–३२ का विभिन्न स्थानमा घरहरू डुवानमा परेका छन्।

पोखरा महानगरपालिका–३२ टाँडी र कालिका चोकका झण्डै २० घरमा पानी पसेको छ। पानी पसेका कारण कतिपयको घरमा धानलगायत खाद्यान्न सामग्री पनि भिजेको छ। कालिका चोकमा पानी जमेर तालजस्तै बनेको र खुदी खोलाको किनारा भत्काउन थालेको बाढी नियन्त्रण तथा व्यवस्थापन समिति पोखरा -३२ का अध्यक्ष शिवजी लामिछानेले जानकारी दिनुभयो।

समितिको सक्रियतामा वर्षात्को पानीका साथै विजयपुर सिँचाइ आयोजना र गडुवा खोलाको पानी तथा बेगनास ताल जल उपभोक्ता संस्थाको बिसिटु सिँचाइ आयोजनाबाट अनियन्त्रित भई आउने पानीका कारण पर्ने गरेको असरलाई दीर्घकालीन रूपमा समाधान गर्न सम्बद्ध निकायमा पत्राचारसहित ध्यानाकर्षण गराइए पनि त्यसको कार्यान्वयनमा चासो नदिँदा समस्या भएको उहाँले बताउनुभयो। उहाँका अनुसार विगतमा अनियन्त्रित रूपमा आउने पानीलाई डाँडाको नाक प्रहरीचौकी, बाँधाको रह तथा घोतघोतेबाट कटाउने गरी सिँचाइ डिभिजन कार्यालय पोखराबाट आवश्यक इस्टिमेट गरिए पनि त्यसलाई कार्यान्वयनमा नल्याउँदा समस्या भएको हो।

नहरमा आउने पानीलाई व्यवस्थित नगरिदा यस क्षेत्रमा सिंचाइ जस्तो नभएर खहरे खोला जस्तो बन्दा वर्षेनी समस्या बढीरहेको स्थानीय युवा नवराज घिमिरेले बताउनुभयो। टाँडी र आसपासका क्षेत्रमा वर्षेनि अव्यवस्थित नहरका कारण समस्या बढीरहेको बताउँदै उहाँले यसको दीर्घकालिन व्यवस्थापनका लागि सम्बन्धीत निकायले तत्काल चासो दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। समितिकै पहलमा पोखरा-३२ स्थित बाह्रसय चौताराबाट पानी कटाएर खहरे खोलामा लैजानका लागि काम थालिए पनि अहिलेलाई बजेट अभावले उक्त काम पूरा नहुने देखिएको लामिछानेको भनाइ छ।

गत वर्षको बाढीले गगनगौंडा र लामेआहालबीचमा पर्ने राधाकृष्ण मन्दिर नजिकै पारेको प्रभावलाई दृष्टिगत गर्दै त्यस क्षेत्रको समस्याको दीर्घकालीन समाधानका लागि सडक विभागबाट नाला गहिरो बनाएर कोत्रेसम्म पुऱ्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ।

# उद्धारमा जुट्न वन उपभोक्ता महासंघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

सामुदायिक वन उपभोक्ता महासंघ नेपालले अविरल वर्षका कारण भइरहेको बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति भएको अवस्थामा सहयोगमा जुट्न महासंघका पदाधिकारी र सम्बद्ध सबैमा आग्रह गरेको छ।

महासंघका अध्यक्ष भारती पाठकले बुधबार विज्ञप्ति जारी गर्दै संघ, प्रदेश र स्थानीय तहका सरकारबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा ध्यान दिँदै जोखिममा परेका समुदायलाई सुरक्षित स्थानमा लगेर गाँस, बास तथा स्वास्थ्य सुरक्षाको प्रबन्ध मिलाउन र थप जोखिमबाट बचाउन अनुरोध गर्नुभयो। महिला बालबालिका, गर्भवती, अशक्त र विपन्न वर्गलाई विशेष प्राथमिकताका साथ राहत, उद्धार र पुनःस्थापनाका लागि पनि महासंघले अपिल गरेको छ। देशभरका २२ हजारभन्दा धेरै सामुदायिक वन उपभोक्ता समूहले विपद्का समयमा राहत, उद्धार र पुनःस्थापनामा जुट्न आग्रह गर्दै विज्ञप्तिमा कोरोनासँगै प्राकृतिक विपद्का सम्भावित घटनाबाट सचेत रहन सञ्चारमाध्यम, सामाजिक सञ्जालमार्फत व्यापक सचेतीकरण अभियानमा लाग्न र समुदायका यूवा परिचालन गर्न महासंघका सवै संरचना तथा सरोकारवालालाई समेत सक्रिय सहयोगमा जुट्न आव्हान गरिएको छ।

राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको सम्भावित जोखिमवाट प्रभावित सूचि अनुसार २३ जिल्लाका १७ लाख स्थानीय समुदाय बाढीबाट प्रभावित हुने र २६ जिल्लाका १ लाख २० हजार स्थानीय समुदाय पहिरोबाट प्रभावित हुने अनुमान गरिएको विज्ञप्तिमा उल्लेख छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

